Vol.23
नेपाली
भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



2022.3

## एघारौं 21 सेइकी साकुरा माचुरी

**नोभल कोरोनाभाइरस (कोभिड 19) को असरको कारण रद्द गरियो।**

"21 सेइकी साकुरा माचुरी" भनेको टोल समिति तथा टोल संघ, स्थानीय कम्पनीहरू, स्योतेनकाइ (पसल संघ) जस्ता विभिन्न संगठनहरू एकजुट भई आपसी सम्बन्धलाई प्रगाड बनाई, यस क्षेत्रलाई बलियो बनाउने इभेन्ट हो। 3 वर्ष पछि आयोजना गरिने यो साकुरा माचुरी एघारौं साकुरा माचुरी हो। यस पटकको साकुरा माचुरीमा पनि हरेक पटक सबैले रुचाइदिनुभएको स्टेज, इभेन्ट कर्नर, फ्रि-मार्केट, बुथहरू जस्ता रमाइला कार्यक्रमहरू धेरै योजना गरिएका छन्।

स्टेज




इभेन्ट हुने स्थानको प्रवेशद्वार




21 सेइकी साकुरा




### ध्यान दिनुपर्ने कुराहरू


- इभेन्टमा आउनुहुने व्यक्तिहरूले कार्डमा आवश्यक जानकारी भरेर लिएर आउनुहोस्।
- मास्क लगाएर आउनुहोस्।
- स्वास्थ्य स्थिति खराब भएमा नआउनुहोस्।
- इभेन्टको दिन इभेन्ट हुने स्थान भित्र प्रवेश गर्ने व्यक्ति सङ्ख्या सीमित गरिने अवस्थाहरू पनि हुन सक्छन्।
- सामान्य व्यक्तिहरूको लागि पार्किङको व्यवस्था गरिएको छैन। तामाच्यान बस जस्ता सार्वजनिक यातायातमा आउनुहोस्।

### कहिले

2022 साल मार्च 27 तारिख (आइतबार) 10:00 am~2:00 pm
(खुला गरिने समय 9:30 am)
*स्टेज 3:00 pm सम्म

### कहाँ

ओता कुमिन प्लाजा　ओता सहर सिमोमारुको 3-1-3




इभेन्ट हुने स्थानमा सवारी साधन वा साइकलमा नआउनुहोस्।

सम्पर्क
यागुची विशेष उपशाखा　स्थानीय गतिविधि प्रवर्द्धनको जिम्मेवार कर्मचारी
☎ 03-3759-4686　FAX 03-3759-1492　E-mail yaguti@city.ota.tokyo.jp

# नागरिक स्वास्थ्य बिमाको योग्यता गुमाएपछि चिकित्सा खर्च फिर्ता गर्नेबारे

कार्यस्थलको स्वास्थ्य बिमामा आबद्ध भएको बेला वा ओता सहरबाट घर सरेको बेला, अनिवार्य रूपमा ओता सहरको नागरिक स्वास्थ्य बिमा रद्द गर्नको लागि आवेदन पेस गरी, ओता सहरको बिमा कार्ड फिर्ता गर्नुहोस्। कार्यस्थलको स्वास्थ्य बिमामा आबद्ध भएको बेला वा ओता सहरबाट घर सरेको बेला, अन्य स्वास्थ्य बिमामा आबद्ध भएको मिति वा ओता सहरबाट घर सरेको मिति पछि, ओता सहरको नागरिक स्वास्थ्य बिमाको योग्यता गुम्ने हुनाले, ओता सहरको नागरिक स्वास्थ्य बिमाको बिमा कार्ड प्रयोग गर्न सकिनेछैन। योग्यता नभएको अवधिमा ओता सहरको नागरिक स्वास्थ्य बिमाको बिमा कार्ड प्रयोग गरी स्वास्थ्य संस्थामा जाँच गराएको खण्डमा, तपाईंले ओता सहरले बेहोरेको चिकित्सा खर्च (कुल चिकित्सा खर्चको 70%~80%) फिर्ता गर्नुपर्नेछ र तपाईं स्वयमले आफू आबद्ध बिमा संस्थाको स्वास्थ्य बिमा आदिसँग माग गर्नुपर्नेछ। नयाँ बिमा कार्ड जारी गरिनु अगाडि स्वास्थ्य संस्थामा जाँच गराउने खण्डमा, प्रक्रिया गरिरहेको स्वास्थ्य बिमा संस्था आदिसँग परामर्श लिई, स्वास्थ्य संस्थाको काउन्टरमा पनि प्रक्रिया भइरहेको कुरा जानकारी गराउनुहोस्।

| सम्पर्क | नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा<br>☎ 03-5744-1211　FAX 03-5744-1516 |
|---|---|




# नियमको पालना गरी फोहोर फाल्नको लागि निकालौं

हरेक दिन घरबाट निस्कने स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर। वर्गीकरण गरेको छु जस्तो लागे तापनि, गल्ती हुने गरेको वा खासै ध्यान नदिईकन वर्गीकरण गरिरहनुभएको त छैन? यस पटक हामी विशेष रूपमा धेरै गल्ती हुने वर्गीकरणबारे जानकारी गराउनेछौं। स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर वर्गीकरण गर्ने तरिका र फाल्नको लागि निकाल्ने तरिका पुनःनिश्चय गरौं।

## पहिलो　ठूलो आकारको फोहोर

कुनै एक साइडको लम्बाइ लगभग 30 cm वा सोभन्दा बढी भएको सामानलाई ठूलो आकारको फोहोर मानिन्छ। विभाजन गरेर झोलामा हालिएको फोहोरलाई पनि ठूलो आकारको फोहोर मानिन्छ।





## दोस्रो　सामग्रीको भिन्नता

सामग्री र त्यसको अनुपात अनुसार फोहोर फाल्नको लागि निकाल्ने तरिका फरक हुन्छ। सबैभन्दा बढी अनुपातमा रहेको सामग्रीको नष्ट विधि अनुसार फाल्नको लागि निकाल्नुहोस्।

उदाहरणको लागि एकै ह्याङ्गर भए तापनि...

**जल्ने फोहोर**



प्लास्टिक, काठको अनुपात बढी भएको ह्याङ्गर

**नजल्ने फोहोर**



धातुको अनुपात बढी भएको फोहोर

## तेस्रो　बोतल वर्गीकरण गर्ने र फाल्नको लागि निकाल्ने तरिका

स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोरहरू (सिगेन गोमी) मध्ये पनि विशेष गरी यसको बारेमा धेरै प्रश्न सोधिने गरिन्छ। बोतलमा लागेको फोहोरको स्तर र बोतलको किसिम अनुसार बोतललाई फाल्नको लागि निकाल्ने तरिका निर्धारण हुन्छ। साथै बिर्को बनाइएको सामग्री अनुसार जल्ने फोहोर अथवा नजल्ने फोहोरमा फाल्नको लागि निकाल्नुहोस्।

**पेय तथा खाद्य पदार्थको फोहोर**

जुस आदिको बोतल

स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी)

• पानीले पखाल्दा सफा हुने चीज



**तेलको फोहोर**

सौन्दर्य सामग्री तथा खाद्य प्रयोजनको तेलको बोतल आदि

नजल्ने फोहोर

• पानीले पखाले तापनि स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) मानिनेछैन




तपाईंहरू सबैले स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर फाल्नको लागि निकाल्ने तरिकाबारे थोरै विचार गरिदिएमा, सहर सफा बनाउन र फोहोरको परिमाण घटाउन मद्दत पुग्छ। माथि उल्लेख नगरिएको स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर वर्गीकरण गर्ने र फाल्नको लागि निकाल्ने तरिकाबारे पम्पलेटमा हेर्नुहोस्। साथै ओता सहरमा "विदेशी भाषा संस्करण, स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर वर्गीकरण गर्ने र फाल्नको लागि निकाल्ने तरिकाको पम्पलेट" र "ओता सहरको फोहोर वर्गीकरण एप्लिकेसन" (6 भाषा, अंग्रेजी, चाइनिज, कोरियन, टागालाग, नेपाली र भियतनामिज) को व्यवस्था गरिएको छ।

| सम्पर्क | वातावरण सरसफाइ विभाग सरसफाइ शाखा<br>☎ 03-5744-1628　FAX 03-5744-1550 |
|---|---|

# कुकुरको दर्ता र रेबिज रोकथामको सुईबारे

**1** कुकुरको मालिकले रेबिज रोकथामको सुई ऐन बमोजिम निम्न दायित्वहरू पूरा गर्नुपर्नेछ।

(1) जन्मेपछि 91 दिन वा सोभन्दा बढीको कुकुरको सन्दर्भमा, कुकुर मालिकले त्यो कुकुरको जिम्मेवारी लिएको मितिदेखि 30 दिन भित्र, सहर प्रमुख (मेयर) लाई कुकुरको दर्ता आवेदन दिई, कुकुर दर्ता ट्याग प्राप्त गर्नु पर्दछ।

(2) कुकुर मालिकले वर्षमा एक पटक आफ्नो कुकुरलाई रेबिज रोकथामको सुई लगाउनुपर्नेछ। साथै कुकुर मालिकले पशुचिकित्सकद्वारा जारी गरिएको सुई लगाएको प्रमाणपत्र सहर प्रमुख (मेयर) लाई पेस गरी, सुई लगाएको प्रमाण ट्याग लिनु पर्दछ।

(3) आफ्नो कुकुरलाई सधैँ सहर प्रमुख (मेयर) द्वारा जारी गरिएको कुकुर दर्ता ट्याग र सुई लगाएको प्रमाण ट्याग लगाएर राख्नुहोस्।

कुकुर दर्ता ट्याग




दर्ता महसुल
3,000 येन

आर्थिक वर्ष 2022 सुई लगाएको प्रमाण ट्याग



जारी महसुल
550 येन

**2** [आर्थिक वर्ष 2022 सालमा सामूहिक रूपमा रेबिज रोकथामको सुई लगाउने नियमित कार्यक्रम] सञ्चालन गरिनेछ। विस्तृत विवरण निम्न अनुसार रहेको छ।

**कहिले** 2022 साल अप्रिल 9 तारिख (शनिबार)~अप्रिल 18 तारिख (सोमबार) को 10 दिनको अवधि

**कहाँ** ओता सहरले तोकेको ओता सहर भित्रको पशु अस्पताल

**शुल्क** 3,750 येन
विस्तृत विवरण: रेबिज रोकथामको सुईको शुल्क 3,200 येन र सुई लगाएको प्रमाण ट्याग जारी महसुल 550 येन

**को** कुकुर पालिरहेका सम्पूर्ण कुकुर मालिकहरू

**आवेदन दिने ठाउँ** सम्बन्धित पशु अस्पताल

**आवेदन दिने तरिका** प्रत्येक पशु अस्पताल अनुसार फरक हुन्छ। तपाईंले प्रयोग गर्ने विचार गर्नुभएको पशु अस्पतालमा अग्रिम रूपमा नाम लेखाउनु पर्छ वा पर्दैन, निश्चय गर्नुहोस्।

## कुकुरको मालिकलाई अनुरोध

- अनिवार्य रूपमा आफ्नो कुकुरलाई कुकुर दर्ता ट्याग र सुई लगाएको प्रमाण ट्याग लगाउनुहोस्।
- अनिवार्य रूपमा जिम्मेवारीपूर्वक आफ्नो कुकुरको दिसा सफा गर्नुहोस्।
- दिसा/पिसाब गराएपछि कुकुरलाई डुलाउन लिएर जाऔं।
- बाहिर निकाल्ने बेला कुकुरलाई डोरी आदिले निश्चित रूपमा बाँधेर, त्यो डोरीलाई आफूले समात्नुहोस्।
- पार्कमा पस्ने बेला कुकुरलाई डोरी आदिले निश्चित रूपमा बाँधेर, त्यो डोरीलाई आफूले समात्नुहोस्।
- कुकुरलाई लिएर बालबालिकाको पार्क र बालबालिकाको मनोरञ्जन पार्कमा नपस्नुहोस्।
- कुकुरले मान्छेलाई टोकेको खण्डमा, स्वास्थ्य केन्द्रलाई सूचित गराउनु पर्दछ।
- विपदको अवस्थाको लागि, कुकुरलाई विपदको बेला आवश्यक सामानहरू तयार गरेर राखौं।

**सम्पर्क** स्वच्छता र सार्वजनिक स्वास्थ्य डिभिजन
☎ 03-5764-0670 FAX 03-5764-0711

# ध्वस्त हुनु अघिको रात - जिज्ञासु व्यक्तिहरूले बताएका काइस्यु -

यो प्रदर्शनीमा सन् 1864 तिरको कागजातदेखि काइस्युले एदो बाकुफु (सरकार) र अन्य विभिन्न हान (स्थानीय सरकार) हरूको सीमा पार गरी विभिन्न मान्छेहरूसँग सम्बन्ध बनाई सक्रिय रूपमा काम गरिरहेका बेलाका दृश्यहरू प्रदर्शन गरिनेछ।



काचुरा कोगोरोउ (किदोता कायोसी), साइगो ताकामोरी, ओकुबो तोसिमिची
*साइगो ताकामोरीको पोर्ट्रेट तस्विर: राष्ट्रसभा पुस्तकालय "आधुनिक जापानीको पोर्ट्रेट" बाट

**कहिले**

2022 साल मार्च 18 तारिख (शुक्रबार)-जून 26 तारिख (आइतबार)
■ भवन खुला रहने समय: 10:00 am~6:00 pm
*सोमबार (सोमबार सार्वजनिक बिदा भएमा, त्यसको भोलिपल्ट)
*मार्च 14 तारिख (सोमबार) -17 तारिख (बिहीबार) प्रदर्शनी परिवर्तनको लागि भवन बन्द हुनेछ।
*नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

**शुल्क**

■ भवनको टिकट शुल्क: सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

**कहाँ (सम्पर्क)** काचु काइस्यु स्मारक भवन
ओता सहर मिनामिसेन्जोकु 2-3-1
☎ 03-6425-7608 FAX 03-6425-7610

# आर्थिक वर्ष 2022 सालको अन्तर्राष्ट्रिय सहर ओताको दूत (कुल, ओता सहर दूत) को आवेदन खुला गरिएको छ।



ओता सहरमा, ओता सहरको आकर्षण तथा जानकारी प्रचार गर्ने "कुल, ओता सहर दूत (Cool OTA-KU ambassador)" (निकनेम) को आवेदन खुला गरिएको छ।

● आवेदन योग्यता: ओता सहर भित्र बसोबास, काम, अध्ययन आदि गर्ने ओता सहरसँग सम्बन्ध भएका 18 वर्ष वा सोभन्दा बढीका विदेशी नागरिकहरू

● दूतको भूमिका:

(1) SNS र व्यक्तिगत सञ्जाल आदिको उपयोग गरी ओता सहरको आकर्षणको प्रचार गर्ने।

(2) ओता सहर आदिद्वारा आयोजना गरिने इभेन्ट आदिमा सहभागी हुनुपर्नेछ।

(आर्थिक वर्ष 2021 सालमा साना इभेन्टहरू, आदानप्रदानका कार्यक्रमहरू आदि सञ्चालन गरियो।)

● कार्यभार अवधि: 2022 साल जुलाई~2024 साल मार्च (योजना)

● आवेदन म्याद: 2022 साल अप्रिल 11 तारिख (सोमबार) 5:00 pm सम्ममा अनिवार्य रूपमा आइपुग्नुपर्नेछ।

● आवेदन दिने तरिका: आवेदन फाराम आदि लिएर आउनुहोस् वा हुलाक, FAX वा इमेलद्वारा आवेदन दिनुहोस्

विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्। गतिविधिहरूमा भाग लिने क्रममा अझ धेरै ओता सहरबारे जान्ने अवसरहरू प्राप्त हुनुका साथै धेरै मान्छेहरूसँग चिनजान पनि हुन्छ। तपाईं पनि ओता सहरमा सक्रिय भूमिका निर्वाह गर्न चाहनुहुन्छ? हामी तपाईंको आवेदन पर्खिरहेका छौं।

| आवश्यक सङ्ख्या | केही | आवेदन दिने तरिका | तोकिएको आवेदन पत्र र रिपोर्ट हुलाक वा इमेलद्वारा तलको आवेदन दिने ठाउँमा पठाउँनुहोस् वा आफै गएर पेस गर्नुहोस्। |
|---|---|---|---|

**आवेदन दिने ठाउँ (सम्पर्क)**


अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
ओता सहर कामाता 5-13-14 6F
☎ 03-5744-1227 FAX 03-5744-1323 E-mail boshu-kokusai@city.ota.tokyo.jp


# 2022 साल अप्रिलमा बहुभाषी परामर्श काउन्टर फरक ठाउँमा सर्नेछ!

2022 साल अप्रिल 11 तारिख (सोमबार) देखि काउन्टरको ठाउँ परिवर्तन हुनेछ।
नयाँ काउन्टर ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्रको दोस्रो तल्लामा हुनेछ।
*यो केक्यु कामाता स्टेसन पश्चिम एक्जिट आसुतो स्योतेनगाइमा छ।
नयाँ ठेगाना: ओता सहर कामाता 4-16-8-201
अप्रिल 11 तारिखदेखिको फोन नम्बर: 03-6424-4924
अप्रिल 11 तारिखदेखिको FAX: 03-6424-4926




**सम्पर्क**


अन्तर्राष्ट्रिय सहर ओता संघ बहुभाषी परामर्श काउन्टर
ओता सहर, खामाता 5-13-26, उपभोक्ता केन्द्र 1F
☎ 03-6424-8822 FAX 03-5710-6330
Email info@ota-goca.or.jp



प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14 ☎ 03-5744-1227 FAX 03-5744-1323
हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।